स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री वर्षा सिवाकोटीलाई हामीले सोध्यौं- करिअरका १० वर्षमा तपाईंले के पाउनुभयो ? उनको जवाफ थियो- थ्री सी। अर्थात् क्लियारिटी (स्पष्टता), कन्फिडेन्स (आत्मविश्वास) र कामनेस (शान्तता)। व्यस्त अभिनेत्रीको अभिनय करिअरले अप्रिलमा दशक नाघेको छ। डेब्यु फिल्म 'नाइँ नभन्नु ल २' देखि सुरु भएको यात्रा १८ औं फिल्म 'छक्कापञ्जा ५' सम्म आइपुग्दा वर्षा धेरै घुम्तीको साक्षी बनिन् ।

**आजको विचार...**



के... (दुई पेजमा)

पुष्कर अथक रेग्मी



आगामी कात्तिक १५ गते लक्ष्मीपूजाको दिनदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को निर्माण कम्पनी सेभेन सिज सिनेमाले भिडियो प्रतियोगिताको घोषणा गरेको छ। 'मेरो बाको संघर्ष' नाम दिइएको प्रतियोगितामा सहभागी हुन इच्छुकले आफ्नो बुबाको संघर्ष र महत्वबारे ३ मिनेटसम्मको भिडियो बनाउनुपर्नेछ। फिल्ममा विजय बराल, प्रकाश सपूत, मुकुन भुसाल, माओत्से गुरुङ, अञ्जना बराइली, बुद्धि तामाङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने आदिको अभिनय छ।

❐ वर्ष ३० ❐ अंक ७८ ❐ २०८१ असोज १६ गते बुधबार 2 October 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आँधीका कारण १ सय १८ को मृत्यु

(रासस/एएफपी)

**वाल्डोस्ता,** असोज १५/दक्षिणपूर्वी संयुक्त राज्य अमेरिकामा 'हेलेन' नामक विनाशकारी आँधीबेहरीबाट ज्यान गुमाउनेको सङ्ख्या सोमबार एक सय १८ पुगेको छ । दक्षिणपूर्वी अमेरिकी राज्यमा सयौं अझै बेपत्ता छन् र मृत्युको सङ्ख्या बढ्दै जाँदा, राष्ट्रपति जो बाइडेनले उद्धार प्रयासको निरिक्षण गर्न बुधबार आँधीले ध्वस्त पारेको उत्तरी क्यारोलिनाको यात्रा गर्ने घोषणा भएको छ । आँधीबेहरी र त्यसले निम्त्याएको बाढीबाट उत्तर क्यारोलिनामा ४९, दक्षिण क्यारोलिनामा २५, जर्जुयामा २५, फ्लोरिडामा १४, टेनेसीमा ४ र भर्जिनियामा एक गरी कम्तिमा ११८ जनाको मृत्यु भएको एएफपीले संकलन गरेको स्थानीय अधिकारीको तथ्याङ्कले जनाएको छ । संघीय आपतकालीन व्यवस्थापन प्रशासन (फेमा) का कर्मचारीले प्रभावित राज्यमा मानिसको उद्धार र खोजी कार्य जारी राखेका छन् । उनीहरूले प्रभावित क्षेत्रहमा पानी र बिजुली आपूर्ति पुर्न:स्थापना गर्ने, आँधीले ढालेका रूखहरू पन्छ्याउने, आवश्यक सामग्री उपलब्ध गराउने र सहायता आवश्यक हुने मानिसको नाम दर्ता गर्ने काम गरिरहेका छन् । अधिकारीहरूले मृतकको सङ्ख्या बढ्ने चेतावनी दिँदै अझै ६०० जना बेपत्ता रहेको जानकारी गराएका छन् ।

# ठगिँदै उपभोक्ता, चाडपर्व नजिकिएपछि अनुगमन

हाम्रा संवाददाता

**पाल्पा,** असोज १५/उपभोक्ताले बजारमा सधैं ठगिएको गुनासो गर्छन् तर बजार अनुगमनको जिम्मेवारी पाएका निकाय सुनेको नसुनै गर्छन् । जब ठूला चाडपर्व आउँछन्, नियमनकारी निकाय तातेजस्तो गर्छन् ।

यसपटक पनि दसैंतिहारजस्ता चाडपर्व आउन थालेपछि जिल्लामा बजार अनुगमन सुरु भएको छ । तर, उपभोक्ताले महसुस गर्ने गरी बजारको अवस्थामा भने सुधार देखिएको छैन । व्यपापारीहरुले मनपरी रुपमा सामान विक्री गर्ने गर्दा सर्वसाधारण नागरिक मर्कामा परेका छन् । उपभोक्ता दाल-चामल, नुन तेल, तरकारीजस्ता दैनिक उपभोग्य वस्तुमा मात्रै होइन, सार्वजनिक सवारीसाधन प्रयोग गर्दा मूल्य र गुणस्तर दुवैमा नराम्ररी ठगिने गरेका छन् । बजार भगवान् भरोसामा चल्दै आएको छ । न सरकारले वस्तुको गुणस्तर निर्धारण गर्न सकेको छ, न मूल्यको निगरानी । उपभोक्ता कुनै पनि ठाउँबाट सन्तुष्ट हुन सक्ने अवस्था छैन । घरेलु प्रयोगका वस्तु खरिद गर्न होस् वा औषधि उपचार, बजारमा मनपरि छ । सर्वसुलभ मूल्यमा गुणस्तरीय वस्तु पाउनु त परको कुरा, उपभोक्ताले वस्तु प्राप्त गर्नु नै ठूलो उपलब्धि ठान्ने अवस्था रहेको उपभोक्ताहरु बताउँछन् ।



रामपुरमा पसल अनुगमन गरिदै अनुगमन टोली

चाडपर्व नजिएपछि भने बल्ल जिल्लामा अनुगमन थालिएको छ । चाडपर्वको समयमा उपभोक्ताहरु ठगिने भन्दै सरकारी निकायबाट अनुगमन तिव्रता दिइएको छ । केही दिन अघि तानसेनमा बजार अनुगमन गरिएको थियो । त्यस लत्तगै जिल्लाको दोस्रो व्यापारीक केन्द्र रामपुरमा पनि बजार अनुगमन थालिएको छ । दसैं,तिहार, छठजस्ता महान पर्वलाई लक्षित गरी नगर भित्रका पसलहरुमा सोमबारदेखि अनुगमन थालिएको हो । उद्योग, वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, भैरहवा, रामपुर नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय पाल्पा, खाद्य तथा गुण नियन्त्रण डिभिजन कार्यालय पाल्पा, ईलाका प्रशासन कार्यालय रामपुर, ईलाका प्रहरी कार्यालय रामपुर, रामपुर उद्योग वाणिज्य संघ र पत्रकार सहितको संयुक्त टोलीले अनुगमन गरेको छ । टोलीले रजघरा, सदावर्त, बेझाँड, मटेरी, विजयपुर, किसानबारी लगायतका बजारका माछा, मासु पसल, डेरी उद्योग, किराना तथा खाद्यान्न पसल, मिठाई पसल लगाएतका ५८ वटा पसलको अनुगमन गरेको थियो । अनुगमन टोलीले अनुगमनको क्रममा फेला परेका ६७ हजार ३ सय ७२ बराबरको म्याद गुज्रिएका सामान जफत गरि नष्ट गरिएको घरेलु तथा साना उद्योग कार्यालय पाल्पाका उद्यम विकास सहजकर्ता मनोज घिमिरेले जानकारी दिए ।

टोलीले खाद्यवस्तुको म्याद, भए नभएको, होटल तथा मिठाई पसलमा प्रयोग गर्ने तेलको गुणस्तर मापन, खाद्यवस्तुमा रंग प्रयोगको अवस्था, मासु पसल तथा दुग्ध उद्योगको सरसफाईको अवस्था, नापतौल उपकरण ठिक भए नभएको, व्यवसायदर्ता सम्बन्धित निकायमा गरे नगरेको, अन्त:शुल्क तिरे नतिरेको अनुगमन गरेको थियो । अनुगमनका क्रममा मूल्य सूची नराखेको, व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत नगरेको, म्याद नाघेका पेन्ट, खाद्यवस्तु, पेयपदार्थ, मिठाईको पसलमा प्रयोग गर्न राखिएको रंग लगायतका अखाद्य वस्तु, सुर्तिजन्य पदार्थ, लगायतको सामाग्री जफत गरेको रामपुर नगरपालिका योजना शाखा प्रमुख विक्रम बस्नेतले जानकारी दिए । खाद्य तथा गुण नियन्त्रण डिभिजन कार्यालय पाल्पाका प्रमुख नरेश श्रेष्ठले केही किराना पसलमा मासको कालो दालमा रंग मिसावट भएको पाईएकाले विक्री वितरणमा रोक लगाएको जानकारी दिए ।

...बाँकी अन्तिम पेजमा

# आजदेखि पितृ पक्ष समापन गरिँदै

**पाल्पा,** असोज १५/प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि शुरु भएको पितृ पक्ष आजदेखि समापन गरिँदैछ । दिवंगत पितृका नाममा तर्पण, सिदादान र पिण्डदान गरी आज पितृ पक्ष अर्थात सोह श्राद्ध समापन गर्न लागिएको हो ।

पितृ पक्षका १५ तिथि र आश्विन शुक्ल प्रतिपदाको एक दिन गरी सोह्र तिथिका दिनसम्म दिवंवगत पितृका नाममा तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले यसलाई सोह्र श्राद्ध समेत भनिएको हो । बडादशैं पर्व सुरु हुनुअघि पितृ ( दिवंगत आफन्त) लाई तर्पण दिँदै असोज कृष्णपक्षभरिको पितृपक्ष विसर्जन गर्न लागिएको हो । पितृपक्षमा तीर्थस्थलमा तर्पण र पिण्डदान गरे पितृ तृप्त हुन्छन् भन्ने जनविश्वास छ ।

कुनै कारणवश यो पक्षका अरु तिथिमा गर्नुपर्ने श्राद्ध रोकिएको भए आज गर्नुपर्छ भन्ने शास्त्रीय मत छ । दसैं, तिहार र छठजस्ता महान् चाडवाडअघि पितृलाई तृप्त गर्न एउटा पक्षभरि नै तर्पण र पिण्डदान गरेर श्राद्ध गर्ने परम्परा चलेको हिन्दू परम्पराको कर्मकाण्डका ज्ञाता बताउँछन् ।

वर्षका अन्य बेला गरिने शुभकार्य (विवाह, व्रतबन्ध, यज्ञयज्ञादि) अघि नान्यमुखी श्राद्ध गरेर कार्य निर्विघ्न सम्पन्न होस् भन्ने गरिने कामना जस्तै दशैं, तिहार र छठपर्वको मुखमा पितृहरुलाई तृप्त गर्न एकपक्ष नै छुट्याइएको हुनसक्ने पण्डितहरु बताउँछन् ।

हिन्दू परम्परामा पितृपक्षभरि पितृहरु स्वर्गलोकबाट विचरण गर्न मर्त्यलोक (पृथ्वी) झर्ने भएकाले आफ्ना सन्तानले यसपक्षमा दिने तर्पण र पिण्ड तत्काल ग्रहण गर्ने विश्वास गरिन्छ । पितृपक्ष विसर्जनसँगै अब बडादशैं पर्वको चहलपहल सुरु भएको छ ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## विश्व अहिंसा दिवसको सन्दर्भ

अक्टोबर, २ लाई विश्व अहिंसा दिवसका रूपमा मनाइने गरिन्छ । भारतका अहिंसावादी नेता महात्मा गान्धीको जन्म दिनको अवसर पारेर सन् २००७ देखि हरेक वर्ष यो दिनलाई अहिंसात्मक दिवसका रूपमा मनाउने प्रस्ताव संयुक्त राष्ट्र संघको महासभाले सर्वसम्मतिले पारित गरेको हो । सोही अनुसार आजकै दिन यो दिवस मनाउने गरिएको छ । विश्व मानव इतिहास हिंसा र द्वन्द्वका कैयन् घटनाक्रमहरू सामना गर्दै यहाँसम्म आइपुगेको छ । अहिले पनि विश्वका विभिन्न स्थानमा यस्ताखालका हिंसात्मक द्वन्द्वका घटना भइरहेका छन् । हरेक कुराको प्राप्ति र जीतका लागि द्वन्द्व नै विकल्प त होइन यद्यपि मानिस यसैतर्फ बढी लागेका देखिन्छ । जबसम्म मानिसको दिमागबाट हिंसा हटाउन सकिन्न तबसम्म हिंसात्मक गतिविधिमा कमी आउँदैन । हिंसाको प्रतिफल प्रतिहिंसा नै हो । हिंसाद्वारा परिवर्तन गरिएको शासनसत्ता टिकाउ नहुने मात्रै होइन त्यसको अन्त्य पनि फेरी हिंसाद्वारा नै हुन्छ । यसरी हिंसाको श्रृंखलाले निरन्तरता पाइरहेको हुन्छ ।

द्वन्द्व, युद्ध राम्रो पक्ष होइन किनकि यसले धेरै जनधनको क्षति गर्छ । यसले मानवीय क्षतिमात्र नभइ आर्थिक अवस्थासमेत कमजोर बनाउँछ । यस कारण द्वन्द्व र युद्धबाट हुने क्षतिहरुलाई न्युनीकरण गर्न र मानव अस्तित्व संरक्षण गर्न अहिंसात्मक सामाजिक आन्दोलन र अहिंसात्मक आर्थिक क्रियाकलाप एउटा विकल्प हुन सक्छ । र यो आवश्यक पनि छ । वास्तवमा अहिलेको अवस्थामा अहिंसाको विषय जटिल बन्न गएको छ । मानवी हिंसा मात्रै नभएर पशुपंक्षी समेतको हिंसाका सन्दर्भमा हेर्दा अहिंसाको व्याख्या गर्न पक्कै पनि कठिन छ । अहिंसा भनेको हिंसाको अभावको अवस्था मात्र हो, हिंसाको अन्त्य होइन । हिंसारहित समाज हुनु भनेकै अहिंसा हो । हरेक समाज हिंसारहित बनाउनु सबै नागरिकको कतर्व्य हो । यसर्थ हरेक समाज हिंसारहित बनाउने दिशामा लाग्न सकियो भने मात्र अहिंसा दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

## Opinion @ Social Network

कसैलाई जित्ने रहर छैन र कसै सगँ हार्ने मन पनि छैन,
बस आफ्नो बाटोमा हिड्नु छ र आफ्नै पहिचान बनाउनु छ ।
(सम्झना सारुकोफेसबुक स्टाटसबाट www.facebook.com//Samjhana.Saru)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शीत काव्य कृति 'आहा' र यसका विशेषताहरू



## पुष्कर अथक रेग्मी

*नेपाली जनजिब्रोमा रहेका ठेट नेपाली शब्दहरू आगन्तुक शब्दहरू, लुप्त हुन लागेका शब्दहरू, नवीनतम् शब्दहरू सहितको प्रयोगले आहा शीत काव्यमा सहजता थपिएको छ । अक्षरको सबैभन्दा सानो संरचना एकाक्षर भएता पनि एकाक्षरबाट असिमित सिर्जनाहरू गर्न नसकिने भएकोले सबैभन्दा सानो संरचना दुई अक्षरलाई मान्न सकिन्छ ।*

नेपाली कविता साहित्यको व्यापिकरणका लागि समयको क्रमसँगै विभिन्न विधा, उपविधा र प्रविधाहरू प्रयोगमा आएका छन् । ती लघुविधाहरू विशेषत:द्विपदीयदेखि षड्पदीयसम्मका रहेका छन् । यसै परिप्रेक्ष्यमा चतुष्पदीय लघुकाव्य उपविधाको रूपमा "शीत" को परिकल्पना प्रस्तावना भएको छ । हालसम्म एकल र संगृहित गरी दर्जनौ शीत कृतिहरू प्रकाशित भइसकेका छन् । जसमध्ये आठौं शीत कल्प कृतिको रूपमा "आहा" प्रकाशित भई सार्वजनिकरण भइसकेको छ ।

शीत लघुकाव्य कृति "आहा" प्रकाशित गरी "शीत ईश्वर" को रूपमा प्रतिष्ठापित अलौकिक कवि देशभक्त सिंह कुँवर गण्डकी प्रदेश कास्की जिल्ला पोखरा -१४ मझेरी पाटन निवासी समाजसेवी व्यक्तित्व पिता क्षेत्रबहादुर कुँवर र ममतामयी माता रामदेवी कुँवरका सुपुत्र हुन् । कवि,गीतकार, गायककार,संगीतकार, गजलकार, लघुकाव्यकार एवं सञ्चारकर्मीको रूपमा समेत स्थापित कवि देशभक्तका कविता, गजल, मुक्तक, नेपाली कविता साहित्यको व्यापिकरणका लागि समयको क्रमसँगै विभिन्न विधा, उपविधा र प्रविधाहरू प्रयोगमा आएका छन् । ती लघुविधाहरू विशेषत:द्विपदीयदेखि षड्पदीयसम्मका रहेका छन् । यसै परिप्रेक्ष्यमा चतुष्पदीय लघुकाव्य उपविधाको रूपमा "शीत" को परिकल्पना प्रस्तावना भएको छ । हालसम्म एकल र संगृहित गरी दर्जनौ शीत कृतिहरू प्रकाशित भइसकेका छन् । जसमध्ये आठौं शीत कल्प कृतिको रूपमा "आहा" प्रकाशित भई सार्वजनिकरण भइसकेको छ । शीत लघुकाव्य कृति "आहा" प्रकाशित गरी "शीत ईश्वर" को रूपमा प्रतिष्ठापित अलौकिक कवि देशभक्त सिंह कुँवर गण्डकी प्रदेश कास्की जिल्ला पोखरा -१४ मझेरी पाटन निवासी समाजसेवी व्यक्तित्व पिता क्षेत्रबहादुर कुँवर र ममतामयी माता रामदेवी कुँवरका सुपुत्र हुन् । कवि,गीतकार, गायककार,संगीतकार, गजलकार,लघुकाव्यकार एवं सञ्चारकर्मीको रूपमा समेत स्थापित कवि देशभक्तका कविता,गजल, मुक्तक, गरि करिव डेढ दर्जन कृतिहरू प्रकाशित भइसकेका छन् । दर्जनौ पुरस्कार,सम्मान र उपाधिहरू प्राप्त देशभक्त विभिन्न सस्थाहरूमा आवद्ध रही अध्यक्ष, प्रवन्ध निर्देशक, संस्था प्रमुख एवं सञ्चालकको रूपमा रही कार्य गर्दै आएका छन् । शीत काव्य साहित्यको इतिहासमा शीत लघुकाव्य संग्रह "आहा" अहिलेसम्मकै सबैभन्दा धेरै शीत संगृहित कृति हो र यसको मोटाइ ४१६ पृष्ठको रहेको छ । कृतिभित्र १४१४ वटा शीतहरू संगृहित रहेकाले मूल्य पनि रू.१४१४/- नै रहेता पनि कृति भने कविज्यूले नि:शुल्क वितरण गर्दै आएका छन् । कृतिभित्र शीतका अतिरिक्त लामा छोटा केही कविता, महनीय उदाहरणहरू, रंगीन चित्र र व्यक्तिगत विवरण समेत रहेका छन् । लघुतम काव्य उपविधा 'शीत' का विशेषताहरू जे जति छन् ती सबै विशेषताहरू कृति "आाहा" भित्र छन् । जसलाई यसप्रकार प्रस्तुति गरिएको छ । मौलिक नेपाली लघुतम काव्य उपविधाको रूपमा शीतको परिकल्पना भएको छ । शीत जन्मभूमि नेपालकै माटोमा उत्पत्ति भएको मौलिक नेपाली परिवेश सुहाउँदो कविता भएकाले आहामा मौलिकता रहेको छ । अन्य कविताभन्दा शीत लेख्न सजिलो छ । संरचनाभित्र रहेर अर्थ खुल्ने गरी जे जस्तो लेखेता पनि शीत सजिलै बन्ने भएकोले आहा काव्य सिर्जनामा सरलता छ । नेपाली जनजिब्रोमा रहेका ठेट नेपाली शब्दहरू आगन्तुक शब्दहरू, लुप्त हुन लागेका शब्दहरू, नवीनतम् शब्दहरू सहितको प्रयोगले आहा शीत काव्यमा सहजता थपिएको छ । अक्षरको सबैभन्दा सानो संरचना एकाक्षर भएता पनि एकाक्षरबाट असिमित सिर्जनाहरू गर्न नसकिने भएकोले सबैभन्दा सानो संरचना दुई अक्षरलाई मान्न सकिन्छ । अत: शीत लघुस्वरूपको हुने भएकोले आहामा पूर्णत लघुता रहेको छ । चतुष्पदीय काव्यको संक्षिप्त स्वरूप नै शीत हो । एउटा शीतले संक्षेपमा धेरै कुरा बताउन सक्छ । कृति आहा यस्तै संक्षिप्तता भएका शीतले भरिपूर्ण छन् । संरचनात्मक ज्ञानलाई ध्यानमा राखी दुई/दुई अक्षर चार पंक्ति जम्मा आठ अक्षरको संरचनामा शीत काव्य आहा सिर्जना गरिएको छ । शीतको संरचनात्मक ज्ञान, बोध र प्रयोग सजिलो छ । सिकारू एवं क्रियाशील स्रष्टाहरूका लागि शीत सूत्रपूर्ण रहेको छ । अरू काव्यहरूको भन्दा शीतको नियम, सूत्र, सिद्धान्त सजिलो भएकोले आहाको विशेषता भन्नु नै सहज र सरल सूत्रात्मकता भएको काव्य हो 'ओ नमोनारायणय' यो अष्टाक्षरी मन्त्र हो । आठ अक्षरमा लेखिने शीत सूक्ति, उक्ति र मन्त्रपूर्ण रहेको हुन्छ । स्थापित र प्रतिष्ठापित स्रष्टाहरूले मन्त्रपूर्ण शीत लेख्दै आएका छन् । आहाभित्र यस्तै शब्द र अर्थपूर्ण मन्त्रात्मकताले युक्त शीतहरू रहेका छन् । चर्तुष्पदीय काव्य उपविधाको रूपमा प्रतिपादित शीत अरू काव्यभन्दा पृथक छ र छोटो समयमै शीतले पृथक पहिचान बनाउन सफल भए जस्तै आहा शीत काव्य अरूभन्दा पृथक प्रकृतिको रहेको हो । ईश्वर, आत्मा र प्रकृतिको गहन चिन्तन र ध्यान नै दर्शन हो । सत्य ज्ञान र मूल्यको सोध खोज र सोच गर्ने व्यक्ति नै दार्शनिक हुन् । काव्य साहित्यमा शीत एउटा परिकल्पित दर्शन भएकाले पनि नवीनतम् कृति आहा शीत काव्यमा दार्शनिकता रहेको छ । हिजो आज र भोलिका सत्य तथ्य र कथ्यहरूलाई शीतले व्यापक उजागर गर्दछ । एक श्लोक शीतले पनि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमै व्यापकता पाउँदै गएको छ । शीत सिर्जना लेखन, सम्प्रेषण, प्रकाशन र परिचर्चा बढ्दो छ । शीत जुनसुकै भाषामा पनि लेख्न सकिन्छ । काव्य संग्रह आहाले शीतलाई अझ व्यापकता बनाइदिएको छ । आहा शीत महत्वपूर्ण काव्य हो । शीत काव्य पाल्पादेखि जाल्पा हुँदै टाढा-टाढासम्म फैलिएको छ । शीतको सुगन्ध फैलदो छ । शीतले व्यापकता सँगै महकता पाउँदै गएको छ । लघुतम काव्य उपविधाको रूपमा प्रकाशित आहा शीत काव्यले चहकता दिदै आएको छ । सामाजिक सञ्जालभरि शीत लेखिनु प्रकाशजस्तै फैलदै जानु,सजिलै शीत लेखिनु, स्वतस्फूर्त रूपमा शीत कृतिहरू प्रकाशित हुँदै जानु र धेरैले 'शीत' रूचाउनु चहकपना नै हो । शीत मुक्तकीय प्रभेदभित्रको लघुतम कविता हो । शीत र अन्य काव्यहरूको निकटतम सम्बन्ध रहेको छ । चर्तुष्पदीय काव्यहरूसँग शीतको कुनै न कुनै रूपमा घनिष्ट सम्बन्ध रहेको छ । शीत, शीतपुष्प, शीतकुञ्ज, शीतद्वीप, शीत ब्रह्माण्ड र शीत कल्पबिच शीतको घनिष्टता रहेको छ । आहा शीत काव्य संग्रह शीत कल्प कृति हो । विभिन्न नियम/सूत्र/सिद्धान्तमा लेखिने शीतमा विविधता पाइन्छ । आहाभित्र अनुप्रास मिलेका र नमिलेका शीतमा पनि विविधता छन् । स्रष्टाले देखेको, जानेको, सुनेको र आवश्यक ठानेको समसामयिक कुराहरू काव्यको माध्यमद्वारा अभिव्यक्त गर्नका लागि शीत काव्य अति उपयोगी रहेको छ । आहा शीत काव्यले भूतकालको विश्लेषण, वर्तमानको व्याख्या र भविष्यका लागि सम्भावनाको खोजी गरी समसामियकता प्रदर्शन गरेको छ । "नेपाली लघुकाव्यको श्रीवृद्धिका लागि नवीनतम् योगदान गरौं" भन्ने नाराका साथ प्रतिपादित शीत लघुतम काव्यमा नवीनता पाईन्छ । शीत काव्य आहामा नवीनता छ । शीतलाई वाचन र गायन दुवै गर्न सकिन्छ । गायन गर्दा स्वतन्त्र, छन्द, बहर, आधुनिक एवं लोकलयले काव्यको गेयात्मकतालाई श्रुतिमधुर बनाउँछ । शीतमा भाव सघनता हुन्छ । मनका भाव तरङ्गलाई विशेषत: रस भनिन्छ । शीतमा नवरस मिसाउँदा उत्कृष्ट भाव सघनता भएका शीतहरू सिर्जना हुन्छन् । आहा शीत काव्य यस्तै भाव सघनताले ओतप्रोत रहेको छ । संक्षेपमा चातुर्यतापूर्ण ढङ्गले शीत लेख्न सकिन्छ । आहा शीतकाव्यका स्रष्टाले शब्दार्थको प्रयोग गर्दा उत्कृष्ट शब्दहरू चयन गरी चार्तुंयतापूर्ण कार्य गरेका छन् । शीत लेख्न सजिलो छ । सरंचना बुझ्न पनि सजिलो छ । जसरी लेखेपछि शीत बन्छ । शीत काव्य आहा पढेपछि अब मैले कविता पनि लेख्न सक्छु भन्ने जागरुकता आउँदछ । बिम्ब, प्रतिक र रसको प्रयोगले शीतलाई अलङ्कारिक बनाउँछ । छन्द, तुक मिलेका र मुक्तकमा लेखिएका शीतहरू अलङ्कारिक हुन्छन् । संरचनाभित्र रही अर्थपूर्ण शब्द चयन गरी शीत लेख्दा सौन्दर्यता झल्कन्छ । सौन्दर्यताभित्र अलङ्कारिता हुन्छ । अत: अलङ्कारिता हुनु नै शीतकाव्य आहाको विशेषता हो । कविता विधाको काव्य उपविधाको रूपमा परिकल्पना गरिएको शीतको उपयोगिता अन्य नवीनतम् उपविधाहरू भन्दा केही बढी छ । कविता लेखनको आधारस्तम्भ नै शीतलाई मान्न सकिन्छ । शीतबाट कविता लेखनारम्भ गरी काव्य प्रशिक्षण दिँदै अन्तमा कविता, मुक्तक गजल र छन्द कविता समेत लेखाउन सकिन्छ । वाचन र गायन सजिलै गर्न सकिने भएकाले साहित्यिक कार्यक्रमको शुरूमा वा कविता वाचन गर्दा पहिला १-२ वटा शीत वाचन गर्न सकिन्छ । आहा भित्रका केही शीतलाई चर्तुष्पदी नारा ( स्लोगन) को रूपमा निर्माण गर्न समेत सकिन्छ ।

'शीत' नेपाली कविता साहित्यको काव्य उपविधाको रूपमा मौलिक पहिचान सहित प्रार्दुभाव भएकाले यसको आवश्यकता र औचित्यता समेत पुष्टि भइसकेकोले देशभक्तजीको काव्य 'आहा' काव्य पारखी र लघु उपविधामा चासो राख्ने सबैका लागि उपयोगी र महत्वपूर्ण नवीनतम् काव्य कृतिको रूपमा रहनेछ । अलौकिक कवि देशभक्त सिंह कुँवर प्रतिष्ठान नेपालद्वारा प्रकाशित, अग्रज समाजसेवी क्षेत्रबहादुर कुँवर,लोकगीत सम्राट प्रेमराजा महत, प्रा. डा. यमबहादुर पौडेल क्षत्री, छन्दनायक माधव वियोगी, प्रा.डा. कृष्ण बहादुर के.सी.सहित शीतका परिकल्पनाकार पुष्कर अथक रेग्मीको समीक्षात्मक लेखहरू समेत रहेको "आहा" उदाहरणीय, विचारणीय,अनुसन्धानीय र संग्रहणीय नवीनतम् कृतिको रूपमा रहिरहने छ । कृतिगत सफलताकासँगै कृतिकार चौथो शीत ईश्वर देशभक्त सिंह कुँवरलाई हार्दिक बधाई तथा शुभकामना !

***(लेखक शीत काव्यका परिकल्पनाकार, स्रष्टा-समीक्षक हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कार्य वा रोजगार पाइनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **तुला** : ताकेको कार्य पुरा होला । आर्जनका क्षेत्रमा सुधार आउनेछ । |
| **वृष** : श्रमको उचित मूल्यांकन हुनेछ । मनोरञ्जनमा सहभागिता भइएला । | **वृश्चिक** : धार्मिक कार्यमा रुचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । |
| **मिथुन** : नयाँ कामको थालनी होला । कान्ति र मनमा शान्ति छाउनेछ । | **धनु** : मनमा हर्ष, उमंग र उत्साह छाउने र जोशजाँगर बढ्नेछ । |
| **कर्कट** : मान प्रतिष्ठामा वृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । | **मकर** : कार्यमा सफलता मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । |
| **सिंह** : आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । | **कुम्भ** :शेयर बजारको कारोबार हुनेछ । जोश, जाँगर र हिम्मत बढ्नेछ । |
| **कन्या** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । शुभ समाचार पनि सुन्न पाइएला । | **मीन** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ । |

## कला मनोरञ्जन

# एक्सन फिल्मको खडेरी मेरो फिल्मले टार्छ : भट्ट



विराज भट्ट नेपाली फिल्म उद्योगका चर्चित एक्सन अभिनेता हुन् । चलचित्र 'खुकुरी'बाट नेपाली फिल्ममा डेब्यु गरेका उनले 'खलनायक', 'मैदान', 'जीवन दाता', 'दुर्गा', 'रघुवीर', 'किस्मत', 'हिम्मत', 'दादागिरी', 'सिलसिला', 'डन', 'दोस्ती', 'बाटुली'लगायत सयभन्दा बढी फिल्ममा अभिनय गरेका छन् । उनले अभिनय गरेका धेरै फिल्म हिट छन् । नेपाल फिल्मपछि भोजपुरी फिल्ममा समेत 'एक्सन स्टार'को परिचय बनाउन सफल उनी 'साइलो'बाट निर्देशनमा पनि होमिए । उनी अहिले नेपाली फिल्ममा निर्माण, निर्देशन र अभिनय तीन विधामा क्रियाशील छन् । विराजले निर्माण गरेको दोस्रो फिल्म '१२ गाउँ' आगामी २४ गते फूलपातीको दिनबाट प्रदर्शनमा आउँदैछ । यो फिल्म उनले एक्सन जनरामा बनाएका छन् । आफूलाई पब्लिकले रुचाएको र जानेको जनरा एक्सन भएकाले फिल्म एक्सनमै बनाएको उनले बताए । प्रस्तुत छ, अभिनेता तथा निर्माता-निर्देशक विराज भट्टसँग रातोपाटीले गरेको कुराकानीको सम्पादित अंश ।

**फिल्म '१२ गाउँ' ल्याउँदै हुनुहुन्छ, तयारी कस्तो छ ?**

फिल्म निर्माण सकियो । प्रचारप्रसार चलिरहेको छ । देश विदेशबाट फिल्मका लागि राम्रो प्रतिक्रिया आइरहेको छ । फिल्मका गीतहरू युट्युब ट्रेन्डिङमा छन् । मिडिया प्रचारमा अहिले समय दिन सकिरहेको छैन । त्यसका लागि समय मिलाउँदै छु । छिटै ट्रेलर रिलिजको तयारीमा छु ।

**फिल्ममा एक्सनलाई प्राथमिकतामा राख्नु भएको छ, किन ?**

एक्सन गर्नु, डान्स गर्नु शरीरका लागि धेरै राम्रो हो । फिल्ममा प्रयोग हुने मध्य एक्सन सबैभन्दा गाहे र खर्चिलो विधा पनि हो । त्यसैले धेरै मानिस एक्सन विषयबाट पछि हटिरहेका छन् । अर्को कुरो, सुरुदेखि नै दर्शकले मलाई एक्सन फिल्ममा रुचाए । पहिले मैले खेलेको फिल्मको कथा सामाजिक, प्रेमकथा जे भए पनि एक्सन मिसाउने गरियो । अहिले पनि फिल्म निर्माणमा एक्सन प्राथमिकता राखेको कारण पनि त्यही हो ।

नेपालीमा राम्रो एक्सन फिल्मको खडेरी छ । त्यो अभाव पूर्ति गर्ने पनि हो । अहिले धेरै नेपाली दर्शक एक्सनका लागि साउथ इन्डियन फिल्म हेर्छन् । उनीहरूको चाहना अनुसारको फिल्म पनि बनाउने हो । '१२ गाउँ' एक्सन जनरा भए पनि माया-प्रेम, पारिवारिक विषय सबै छ ।

**फिल्म निर्देशन र अभिनय एकसाथ गरिरहनु भएको छ, सहज त पक्कै भएन होला ?**

अभिनय मेरालागि सहज विषय हो । किनभने पहिलेदेखि नै गर्दै आएको हो । निर्देशन एक त सहज विषय होइन । त्यसमा पनि निर्माणसमेत आफ्नो भएकाले सबैमा एक्लै कुद्नु परेको छ । यसले बढी धपेडी महसुस भएको छ । फिल्म पनि यसपटक अलि हेभी बनेको छ । टिम पनि विभिन्न ठाउँका छन् । निर्देशनमा दोस्रो फिल्म भनौँ राम्रो दिनुपर्‍यो । एक्सन जनरामा कथावस्तु पनि बलियो भएको, अलिकति राम्रो फिल्म दिन खोजेको छु ।

**'१२ गाउँ'बाटै किन छोरा समीरलाई डेब्यु गराउनुभयो ?**

फिल्म निर्माण सुरुवातको समय छोरा समीरलाई राख्ने कुरा थिएन । फिल्मको लेखनमा करिब दुई वर्ष बितायौँ । काम गर्दै जाँदा मेरो अलावा एक जना क्यारेक्टर राख्दा राम्रो हुने देखियो । त्यसको क्यारेक्टर डेभलभ गर्दै जाँदा समीर सुहाउँछ भनेर राखिएको हो । यो एक्सन फिल्म हो । समीर राम्रो एक्सन पनि गर्न सक्ने भएकाले उसलाई लिइएको हो । समीरलाई नै हिरो बनाउने प्लानले बनाइएको फिल्म भने होइन । समीरले आफ्नो ब्यानरबाट डेब्यु गर्नु राम्रो पनि हो । समीरको सबै कुरो मलाई थाहा भएकाले मबाट डेब्यु गर्दा धेरै कुरा सिक्न सक्छ । फिल्म अभिनय सिलसिलामा उसले धेरै कुरो सिकेको छ । ऊ नेपाली फिल्ममा राम्रो कलाकारको रूपमा देखिनेछ ।

> *नेपालीमा राम्रो एक्सन फिल्मको खडेरी छ । त्यो अभाव पूर्ति गर्ने पनि हो । अहिले धेरै नेपाली दर्शक एक्सनका लागि साउथ इन्डियन फिल्म हेर्छन् । उनीहरूको चाहना अनुसारको फिल्म पनि बनाउने हो । '१२ गाउँ' एक्सन जनरा भए पनि माया-प्रेम, पारिवारिक विषय सबै छ । फिल्म निर्देशन र अभिनय एकसाथ गरिरहनु भएको छ, सहज त पक्कै भएन होला ? अभिनय मेरालागि सहज विषय हो । किनभने पहिलेदेखि नै गर्दै आएको हो । निर्देशन एक त सहज विषय होइन । त्यसमा पनि निर्माणसमेत आफ्नो भएकाले सबैमा एक्लै कुद्नु परेको छ । यसले बढी धपेडी महसुस भएको छ । फिल्म पनि यसपटक अलि हेभी बनेको छ । टिम पनि विभिन्न ठाउँका छन् । त्यिसको क्यारेक्टर डेभलभ गर्दै जाँदा समीर सुहाउँछ भनेर राखिएको हो । यो एक्सन फिल्म हो । समीर राम्रो एक्सन पनि गर्न सक्ने भएकाले उसलाई लिइएको हो ।*

**कतिपयले विराज अब निर्देशनमा पूरै होमिन छोरालाई हिरो बनाएको भन्छन् नि ?**

निर्देशन निकै कठिन विधा हो । म पूरै निर्देशकको रूपमा मात्र आफूलाई अगाडि बढाउँदिन होला । आफ्नै ब्यानरमा एक्सन फिल्म भएको र एक्सनमा आफ्नो अनुभव पनि भएकाले निर्देशन गरिरहेको हो । आफ्नो ब्यानरमा अर्को किसिमको फिल्म बन्यो भने अर्कोलाई निर्देशन दिन्छु । फिल्म निर्माण भने लगातार गर्ने हो । निर्देशन मन लागे गर्ने, नलागे नगर्ने ।

**फिल्मको बजेट ५ करोड भन्नुहुन्छ, अहिले फिल्मको बजार छैन । किन जोखिम मोल्नुभयो ?**

फिल्म लाइन भनेको जोखिम नै जोखिमले भरिएको छ । हरेक निर्माताले यहाँ जोखिम बहन गरिरहेका छन् । दुई करोडमा निर्माण गर्छु भनेको फिल्म गर्दै जाँदा ४ करोड पनि पुग्न सक्छ । आम्दानी पनि सोचेजस्तो हुँदैन । पहिलो कुरो राम्रो फिल्म बनाउने हो । व्यवसाय जे हुन्छ, त्यो स्विकार्ने हो । राम्रो फिल्म बनाउँछु भन्ने कोसिस सधैँ हुनुपर्छ । फिल्म राम्रो बनाउन सकियो भने लगानी उठाउन पनि सकिन्छ । फिल्म उद्योगमा बाहिर फिल्मले यति कमायो, उति कमायो भनेर हल्ला धेरै हुन्छ । भित्र वास्तविकता अर्कै हुन्छ । यो फिल्मप्रति म खुसी छु । व्यवसायी भएरभन्दा पनि राम्रो फिल्म दिन यो बनाएको हो । मलाई धेरै माया दिने दर्शकलाई मैले राम्रो फिल्म दिनुपर्छ । फिल्म निर्माण राम्रो भएरमात्र हुँदैन, प्रदर्शन पनि अनुकूल हुनुपर्छ । तपाईंको फिल्म अन्य दुई फिल्मसँग भिड्दैछ । यसले गर्दा जोखिम कति देख्नु भएको छ ? यसले जोखिम हुँदैन भन्न मिल्दैन । फिल्म धेरै हुने बित्तिकै थिएटरमा शो त बाँडिन्छ नै । फिल्म जुध्ने भन्ने कुरो म सामान्य रूपमा लिन्छु । राम्रो होस् वा नराम्रो मिति । फिल्म भिडिरहेकै हुन्छन् । दसैँमा तीन वटाभन्दा पनि दुई वटा फिल्म राम्रो छ । यो दसैँमा तीन वटा फिल्म चल्नुपर्छ भन्ने लाग्छ । मानिसले पालैपालो सबै फिल्म हेर्छन् । दसैँ बिदा पनि लामो छ नि ।

**केहीले '१२ गाउँ' फिल्म सर्छ पनि भनिरहेका छन्, सर्ने हो कि ?**

मेरो फिल्म सर्दैन । अरूको म भन्न सक्दिनँ । फिल्म रिलिजका लागि सबै तयारी भइसक्यो । बजारमा बेकारको कुरा गरेर हिँड्ने मानिस धेरै छन् । तिनीहरूको पछि म लाग्दिनँ ।

**विराज भट्टले अब बाहिरको फिल्म नखेल्ने योजना बनाएको हो र ?**

- होइन, बाहिरको फिल्म अभिनय नगर्ने भन्ने कुरै छैन । कलाकारले कहिल्यै बाहिरको नखेल्ने, यसको नगर्ने भन्न मिल्छ र भन्या ? । फिल्मको विषयवस्तु चित्त बुझ्यो भने सबैको गर्ने हो । अहिले आफ्नो फिल्ममा लागेको काम नभ्याएको हो । बाहिरको फिल्मको अफर आइरहेको छ, खेल्छु ।

*-रातोपाटी डटकम*

# रश्मिलाई 'कबड्डी ५' बाट अफर



ब्लकबस्टर फ्रेन्चाइज 'कबड्डी' को पहिलो र दोस्रो शृंखलामा मैयाँको भूमिकामा अभिनय गरेर चर्चामा आएकी अभिनेत्री रश्मि गुरुङ पछिल्लो पटक 'कबड्डी ३'को क्लाइमेक्समा झुल्किएकी थिइन् । उनको डेढ मिनेट जति सिन थियो । खासमा उनलाई 'कबड्डी ४' मा दोहोर्‍याउने उद्देश्यले लिइएको थियो । तर, 'कबड्डी ४'बाट उनलाई अफरै गरिएन । जसले गर्दा उनले निकै चित्त दुखाएकी थिइन् । अब 'कबड्डी ५' निर्माणको तयारीमा छ । यसमा 'कबड्डी'को पहिलो शृंखलाकै कलाकारहरू दोहोर्‍याउने तयारीमा निर्देशक रामबाबु गुरुङ रहेको चर्चा छ । यसैले होला, रश्मिलाई पनि फिल्म अफर गरिएको छ । फिल्म 'रिमै'मा काम गर्न आइतबार अमेरिकाबाट नेपाल आएकी उनले सञ्चारकर्मीसँगको कुराकानीमा निर्देशक रामबाबु गुरुङले आफूलाई फिल्म अफर गरेको जानकारी गराइन् । उनले भनेकी छन्, 'मलाई 'कबड्डी ५'बाट अफर चाहिँ आएको छ । रामबाबु दादाले नै फोन गरेर 'कबड्डी ५' बनाउँछौँ, तिम्रो समय के छ भनेर सोध्नुभएको थियो । तर, मैले 'हुन्छ' भनिसकेको छैन । किनकि, म नेपालमा बस्दिनँ । अमेरिकामा बस्ने भएकाले समय के हुन्छ, त्यसपछि निर्णय दिन्छु भनेर बसेको छु ।' उनले 'कबड्डी ४'के लागि भनेर आफूले 'कबड्डी ३'मा काम गरेको पनि बताइन् । विवाह गरेर अमेरिका गएपछि रश्मि फिल्म नगर्ने मनस्थितिमा थिइन् । 'रिमै' अफर हुँदा पनि उनी दोधारमा थिइन् । तर, फिल्मको टिम र उपेन्द्र सुब्बाले स्क्रिप्ट लेखेका कारण उनी काम गर्न तयार भएकी हुन् । उनी भन्छिन्, 'अब म फिल्म गर्दिनँ नै भनेर बसेको थिएँ । तर, निर्देशक (खिल बहादुर गुरुङ)ले धेरै आग्रह गर्नुभयो । उहाँले उपेन्द्र सुब्बाको स्क्रिप्ट हो भनेपछि काम गर्न तयार भएँ ।' पहिलो र दोस्रो 'कबड्डी'पछि रश्मिलाई फिल्म अफरको ओइरो लागेको थियो । तर, यसपछि उनले मुख्य भूमिकामा फिल्म 'झुम्की' मात्र गरिन् । आफूले अध्ययनका कारण धेरै फिल्म गर्न नसकेको उनको भनाई छ । भन्छिन्, 'फिल्मको ओइरो आउने बेलामा मैले पढाईमा ध्यान दिनुपर्‍यो । 'मास्टर डिग्री' पूरा गर्नु थियो । त्यसपछि विवाह भयो । यसैले फिल्मलाई त्यति धेरै समय दिन सकिएन ।'

*-फिल्मी खबर डटकम*

# 'दु:खी आत्मा'को छायांकनमा दयाहाङ



> *दयाहाङ राई, अनुपविक्रम शाही र शिशिर बाङ्देललाई देख्न सकिन्छ । तस्वीरमा यी कलाकारलाई चरित्रको आवरणमा देख्न सकिन्छ । हिमाल कडरिया निर्माता रहेको फिल्ममा आँचल शर्मा, बुद्धि तामाङ, पुष्कर गुरुङ, कविता आले, शिशिर बाङ्देल, आशान्त शर्मा, लोकेन्द्र लेखक, अंकित खड्का, लुनिभा तुलाधर, आरती आचार्य, नीमा पाण्डे, रियर राई, यासेली योङहाङ पनि अभिनय गरिरहेका छन् । फिल्मको पूरा छायांकन काठमाडौं सेरोफेरोमा खिचिने भएको छ ।*

यतिबेला दीपेन्द्र लामाको निर्देशनमा फिल्म 'दु:खी आत्मा'को छायांकन काठमाडौंका विभिन्न स्थानमा भइरहेको छ । आइतबार काठमाडौंको बत्तीसपुतलीस्थित राम मन्दिरमा फिल्मको छायांकन भइरहेको थियो । छायांकन सेटबाट प्राप्त तस्वीरमा दयाहाङ राई, अनुपविक्रम शाही र शिशिर बाङ्देललाई देख्न सकिन्छ । तस्वीरमा यी कलाकारलाई चरित्रको आवरणमा देख्न सकिन्छ । हिमाल कडरिया निर्माता रहेको फिल्ममा आँचल शर्मा, बुद्धि तामाङ, पुष्कर गुरुङ, कविता आले, शिशिर बाङ्देल, आशान्त शर्मा, लोकेन्द्र लेखक, अंकित खड्का, लुनिभा तुलाधर, आरती आचार्य, नीमा पाण्डे, रियर राई, यासेली योङहाङ पनि अभिनय गरिरहेका छन् । फिल्मको पूरा छायांकन काठमाडौं सेरोफेरोमा खिचिने भएको छ । निर्माता कडरियाले आफूहरुले फिल्म भरपुर मनोरञ्जक बनाउन कुनै कसर बाँकी नराख्ने बताए । निर्देशक लामा र निर्माता कडरियाले यसअघि निर्माण गरेको 'नाङ्गो गाउँ' सुपरहिट भएको थियो । क्लक वर्क क्रियसन्सको ब्यानरमा रहेको 'दु:खी आत्मा' सोसल-कमेडी फिल्म हो । आलोक शुक्लाको छायांकन, सुशान्त गौतमको संगीत र रामजी लामिछानेको नृत्य रहेको फिल्मको प्रोडक्सन म्यानेजर सुदीप ढकाल छन् । सुटिङ सकिएपछि मात्रै प्रदर्शन मिति तय गरिने निर्माता कडरियाले जानकारी दिएका छन् । निर्देशनको हिसाबले 'दु:खी आत्मा' निर्देशक लामाको छैटौं फिल्म हो । यसअघि उनले 'घामपानी', 'गोपी', 'छ माया छपक्कै', 'दुई नम्बरी' र 'नाङ्गो गाउँ' निर्देशन गरिसकेका छन् । बाहिर हामी सबैको मुहार हाँसिलो देखिए पनि भित्रभित्रै कति दु:खी भइरहेका हुन्छौं, त्यही अवस्थालाई प्रतीकात्मक रुपमा पर्दामा उतार्न खोज्दैछौं' निर्देशक लामाले भने, 'फिल्मले मानवीय स्वभावका विभिन्न आयाम प्रस्तुत गर्ने विश्वास लिएको छु ।'

*-अनलाइन खबर डटकम*

# आज विश्व अहिंसा दिवस मनाइँदै




**पाल्पा,** असोज १५/आज विश्व अहिंसा दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । संयुक्त राष्ट्र संघको आह्वानमा अहिंसावादी नेता महात्मा गान्धीको जन्मदिनको अवसर पारेर राष्ट्रसंघमा आवद्ध मुलुकहरुमा सन् २००७ देखि हरेक बर्ष अक्टोबर २ अर्थात् आजकै दिन विश्व अहिंसा दिवस मनाउने गरिन्छ ।

यस अवसरमा देश तथा विदेशमा विभिन्न कार्यक्रम गरिदैं छ । दिवसमा मोहनदास करम चन्द गान्धीको नाममा जन्मेका तर विश्वभर महात्मा गान्धी भनेर चिनिने भारतीय नेताको जीवनशैलीलाई फर्केर हेर्ने गरिन्छ । गान्धीको जीवनमा गहिरिएर हेर्न भन्दा पनि उनका विचारधारा र अहिंसाको आदर्शलाई आत्मसाथ गर्नका लागि आज विश्व भरि पैरवी गरिन्छ । अहिंसा दिवसका अवसरमा शान्ति, मानव अधिकार र अहिंसाको क्षेत्रमा क्रियाशिल विभिन्न संघसंस्थाले विविध कार्यक्रम आयोजना गर्दैछन् । महात्मा गान्धीले अहिंसाका माध्यमबाटै भारतलाई बेलायती उपनिवशेबाट मुक्त गराएका थिए । विश्वमा हिंसाका घटनाहरू बढ्दै जान थालेपछि हिंसालाई रोक्ने अभिप्रायसहित यो दिवस मनाउन थालिएको हो । समाजमा हिंसाका अनेक स्वरूप हुने गरेका छन् । समाज जति खुल्ला र विकसित हुँदै गएको छ, हिंसाका रूप त्यसैगरी बदलिएका छन् ।

विगतमा शारीरिक रूपमा सीमित हुने गरेको हिंसा प्रविधिको विकाससँगै सामाजिक सञ्जाल र मोबाइलबाट समेत हिंसाका रूप प्रकट हुने गरेका छन् । अहिंसा दिवस मनाउने सम्बन्धी १५ जुन २००७ मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित संकल्प प्रस्तावमा भनिएको छ,'शिक्षाको माध्यमबाट जनतामा अहिंसाको व्यापक प्रचार गर्नुपर्छ अहिंसाको सिद्धान्त सहिष्णुता तथा शान्तिको माध्यमबाट नै सुरक्षित गर्न सकिन्छ ।' शिक्षाको माध्यमबाट जनतामा सहिष्णुता तथा शान्तिको माध्यमबाट नै सुरक्षित गर्न सकिन्छ । महात्मा गान्धीले जीवनमा कसैमाथि हिंसा गरेनन् तर उनको अन्त्य भने हिंसाबाटै भयो । वास्तवमा अहिलेको अवस्थामा अहिंसाको विषय जटिल बन्न गएको छ । मानवी हिंसा मात्रै नभएर पशुपंक्षी समेतको हिंसाका सन्दर्भमा हेर्दा अहिंसाको व्याख्या गर्न पक्कै पनि कठिन छ ।

# ठगिँदै उपभोक्ता...

... उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय भैरहवाका निमित्त निर्देशक ईश्वरचन्द्र अर्यालले उपभोक्ताहितका लागि निर्देशनालयले निरन्तर रुपमा बजार अनुगमन गर्दै आएको र चाडपर्वलाई लक्षित गरी अहिले अनुगमनको कार्यलाई तिव्रता दिएको बताए । रामपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुर्यदर्शन पण्डितले खाद्यवस्तु खरिद विक्री गर्दा व्यसायी र ग्राहक दुवैले म्याद भए नभएको, मिसावट भए नभएको राम्रोसँग यकिन गरेर मात्रै खरिद विक्री गर्नु पर्ने बताए । अनुगमन टोलीका संयोजक एवं रामपुर नगरपालिकाका उपप्रमुख बालकुमारी थापाले स्वच्छ र स्वास्थ्यकर सामान उपभोग गर्न पाउनु उपभोक्ताको अधिकारलाई सुनिश्चितताका लागि अनुगमनलाई थप प्रभावकारी बनाउने बताए । पर्वहरुमा मात्र नभई अन्य समयमा पनि नियमित अनुगमन गरी मापदण्ड अनुसार व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिने थापाको भनाई छ । रामपुर नगरपालिकाका उपप्रमुख थापाको संयोजकत्वमा गरिएको अनुगमनमा रामपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सूर्यदर्शन पण्डित, उद्योग, वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, भैरहवाका निमित्त निर्देशक ईश्वरचन्द्र अर्याल, रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकाल, वरिष्ठ उपाध्यक्ष रुद्रनारायण श्रेष्ठ, खाद्य तथा गुण नियन्त्रण डिभिजन कार्यालय, पाल्पाका प्रमुख नरेश श्रेष्ठ, ईलाका प्रशासन कार्यालय रामपुरका प्रमुख गणेशबहादुर कार्की, ईलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामबहादुर नेपाली, उद्योग, वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, भैरहवाका अधिकृत नारायण न्यौपाने, जेदुराम पन्थी, नेपाल पत्रकार महासंघका जिल्ला सदस्य दुर्गेश मल्ल, रामपुर नगरपालिका -५ का वडा सदस्य नरेन्द्र कुमार जर्घा, नगरपालिकाका कर्मचारी, सञ्चारकर्मी, प्रहरी, नगर प्रहरी लगायतको सहभागिता रहेको थियो । अनुगमनका क्रममा भेटिएका अखाद्य बस्तुको सरोकारवालाहरुको रहोबरमा रामपुर नगरपालिका कार्यालय परिसरमा नष्ट गरिएको छ ।

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८१/०६/१५**

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग र द एसिया फाउन्डेसनको साझेदारीमा सञ्चालित युएसएआईडी नागरिक समाज र सञ्चार कार्यक्रम अन्तर्गत पाल्पा विकास केन्द्रले पाल्पा र गुल्मीमा कार्यान्वयन हुन लागेको Civil Society Collaboration and Strengthening of online Media at Palpa and Gulmi Districts कार्यक्रमको लागि कर्मचारी आवश्यक्ता परेको हुँदा इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

**१. परियोजना संयोजक -१ जना**
**२. कार्यक्रम-मिडिया अधिकृत -१ जना**
**३. प्रशासनिक-लेखा अधिृकत -१ जना**

**आवश्यक न्यूनतम योग्यता : क.** परियोजना संयोजकको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तह उर्तिण गरी Mass Communication मा कम्तीमा प्रमाणपत्र तह अध्ययन गरेको हुनुपर्नेछ । साथै मिडिया तथा सामाजिक संघ संस्थामा रही कम्तीमा १० वर्ष भन्दा बढीको कार्य अनुभवको लागि पहिलो प्राथमकिता दिइनेछ ।

**ख.** कार्यक्रम-मिडिया अधिकृतको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तह उर्तिण गरी मिडियासँग सम्बन्धित वा सामाजिक क्षेत्रमा कम्तीमा ३ बर्ष कार्य अनुभव भएको हुनुपर्नेछ ।

**ग.** प्रशासनिक-लेखा अधिृकतको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन विषयमा स्नातक तह उर्तिण गरी सम्वन्धित विषयमा कम्तीमा २ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

- थप योग्यता सम्बन्धी व्यवस्था संस्थाको कर्मचारी प्रशासन नियमावली र प्रचलित कानून अनुसार हुनेछ । माथि उल्लेखित पदहरुको सेवा सुविधा संस्थाको नियम अनुसार हुनेछ । छनोट भएका कर्मचारीको हकमा ६ महिना परीक्षण काल रहनेछ ।
- महिला, युवा तथा सिमान्तकृत समुदायका योग्यता हासिल गरेका व्यक्तिहरुलाई दरखास्त दिन प्रोत्साहन गरिन्छ ।

योग्यता हासिल गरेका इन्छुक व्यक्तिहरुले निवेदनका साथ आफ्नो व्यक्तिगत विवरण palpatdc.dov@gmail.com मा इमेल मार्फत पठाउनु पर्नेछ । सूचना प्रकाशित मितिले ५ दिन भित्र प्राप्त भएका निवेदनहरुलाई मात्र मूल्यांकन प्रक्रियामा सामेल गरिनेछ । इमेलबाट प्राप्त आवेदनहरूलाई छोटो सूची (Shortlist) गरी इमेल मार्फत थप प्रक्रिया बारेमा जानकारी गराइने छ । छोटो सूची (Shortlist) मा परेकालाई मात्रै लिखित तथा मौखिम परीक्षामा सहभागी गराइने छ ।

**पदपूर्ति समिति**
**पाल्पा विकास केन्द्र**
**तानसेन पाल्पा**

## खेलकुद समाचार

### बंगलादेशमाथि भारतको क्लिनस्वीप



**काठमाडौं,** असोज १५/घरेलु टोली भारतले दोस्रो टेस्ट खेलमा बंगलादेशलाई ७ विकेटले हराउँदै दुई खेलको सिरिज क्लिनस्वीप गरेको छ ।

९५ रनको लक्ष्य भारतले १७.२ ओभरमा ३ विकेट गुमाउँदै पूरा गऱ्यो। भारतको जितमा यशस्वी जैसवाल ४५ बलमा ८ चौका र १ छक्कासहित ५१ तथा विराट कोहलीले २९ रन बनाए । बंगलादेशका मेहेदी हसन मिराजले २ र ताइजुल इस्लामले १ विकेट लिए । बंगलादेश दोस्रो इनिङमा १४६ रनमा अल आउट भएको थियो । बंगलादेशका ओपनर शाद्मान इस्लामले ५० र मुश्फिकुर रहिमले ३७ रन बनाए । जस्प्रित बुमराह, रविचन्द्रन आश्विन र रविन्द्र जडेजाले ३-३ विकेट लिए ।

भारतले पहिलो इनिङमा २८५-९ को अवस्थामा समाप्तिको घोषणा गरेको थियो । ओपनर यशस्वी जैसवालले ५१ बलमा १२ चौका र २ छक्कासहित ७२ रन जोडे । लोकेश राहुलले ४३ बलमा ७ चौका र २ छक्कासहित ६८ रन बनाए । रोहित शर्मा २३, शुभमन गिल ३९, विराट कोहली ४७ रनमा आउट भए । बंगलादेशका मेहेदी हसन मिराज र सकिब अल हसनले ४-४ विकेट लिए । कानपुरमा टस हारेर पहिला ब्याटिङ थालेको बंगलादेश पहिलो इनिङमा २३३ रनमा अल आउट भएको थियो । ओपनर मोमिनुल हकले १०७ रनको शतकीय इनिङ खेलेका थिए । भारतका जस्प्रित बुमराहले ३, मोहम्मद शिराज, रविचन्द्रन आश्विन र आकाश दीपले २-२ विकेट लिए । पहिलो खेलमा भारत २८० रनले विजयी भएको थियो ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्क: ०७५-५२०६०१**


## अर्थ/कर्पोरेट समाचार

# बढ्यो सेयर बजार



**पाल्पा,** असोज १५/मंगलबार सेयर बजार भारी अंकले बढेको छ । अघिल्लो दिनको तुलनामा एकै दिन ११४.७० अंक अर्थात् ४.५७ प्रतिशतले बजार बढेको हो । यो वृद्धिसँगै परिसूचक २६२३ अंकमा पुगेको छ । कारोबार रकम पनि दोब्बर बढेको छ । अघिल्लो दिन जम्मा ३ अर्ब ७१ करोडको कारोबार भएकोमा मंगलबार ७ अर्ब ६१ करोडको भयो ।

२ सय ४३ कम्पनीको मूल्य बढ्दा एउटाको घट्यो भने एउटाको स्थिर रह्यो । सबै क्षेत्रका सूचक बढेका छन् । बैंकिङ ३.८२, विकास बैंक ५.४८, फाइनान्स ९.७४, होटल तथा पर्यटन ५.९७, हाइड्रोपावर ५.९८, लगानी ६.१०, जीवन बीमा ४.१२, उत्पादन २.१९, माइक्रोफाइनान्स ३.९८, निर्जीवन बीमा ३.०९, अन्य ४.६७ र व्यापार ३.९९ प्रतिशत बढे । यस दिन दुई दर्जन कम्पनीको मूल्य १० प्रतिशत बढ्यो । बुटवल पावर, गोर्खाज फाइनान्स, गुडविल फाइनान्स, श्रीइन्भेस्टमेन्ट फाइनान्स, सेन्ट्रल फाइनान्स, जानाकी फाइनान्स, गुहेश्वरी फाइनान्स, आईसीएफसी फाइनान्स, प्रोग्रेसिभ फाइनान्स, मल्टिपर्पस फाइनान्स, रिलायन्स फाइनान्स, अरुणकाबेली पावर, दोर्दीखोला हाइड्रोपावर, इस्टर्न हाइड्रोपावर, सिटी होटल, थ्रीस्टार हाइड्रोपावर, नेपाल वेयरहाउजिङ कम्पनी, हिमाल दोलखा हाइड्रोपावर, मञ्जुश्री फाइनान्स, नेपाल फाइनान्स, बेस्ट फाइनान्स, एक्सल डेभलपमेन्ट बैंक, युनियन हाइड्रोपावर, मिडसोलु हाइड्रोपावर तथा पोखरा फाइनान्सको मूल्य १० प्रतिशत बढ्यो । कारोबार रकमका आधारमा यस दिन एनएलजी इन्स्योरेन्स, हिमालयन रिइन्स्योरेन्स, नेपाल फाइनान्स, सीईडीबी हाइड्रोपावर र अपी पावर क्रमश: अगाडि रहे ।


# विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौ,
- विषादी प्रयोग गर्ने पर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विषमुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई